आज मिति २०७९ पौष २८ गते बिहिबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्रिमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केशब बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |

CamScanner

कार्यपालिका बैठक नं. ५ मिति २०७९।०९।२८ ( आ.व. २०७९।०८० )

**प्रस्तावहरुः**

**१) आ.व. २०८०।०८१ का लागि विशेष तथा समपुरक योजना छनोट सम्बन्धमा ।**

**२) नगरपालिकाको प्रशासनिक भवनमा थ्रि फेज लाइन विस्तार सम्बन्धमा ।**

**३) LISA सम्बन्धमा ।**

**४) नगरपालिकाको प्रशासनिक भवनमा कार्यालय व्यवस्थापन सम्बन्धमा ।**

**५) वास प्लान सम्बन्धमा**

**६) विविध**

**निर्णयहरु**

**निर्णय नं. १ः** राष्ट्रिय योजना आयोगको मिति २०७९।०८।१९ गते प्रकाशित सूचना बमोजिम स्थानीय तहमा आ.व. २०८०।०८१ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने तपसिल बमोजिमका आयोजना / कार्यक्रमहरु छनौट गरि राष्ट्रिय योजना आयोगमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

विशेष अनुदान तर्फका आयोजनाहरु

१) शैक्षिक सुधार कार्यक्रम

२) ग्रामीण घुम्ति टेलिमेडिसिन तथा स्वास्थ्य सेवा कार्यक्रम संचालन

३) फोहरमैला व्यवस्थापन कार्यक्रम सञ्चालन

४) लिफ्ट तथा खानेपानी आयोजना

५) खाद्य सुरक्षा तथा पोषण सम्बन्धि कार्यक्रम संचालन

६) जेष्ठ नागरिक सम्मान कार्यक्रम

समपुरक अनुदान तर्फका आयोजनाहरु

१) नगरपालिकाको प्रशासनिक भवन क्रमागत योजना

२) कोटबेत लिफ्ट खानेपानी आयोजना

३) चिल्ढाले लिफ्ट खानेपानी आयोजना

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

४) थारमारे मिलनडाँडा सेताभिर खाली नुवागाउँ दार्मा जोड्ने सडक स्तर उन्नती
५) जनता आधारभुत आ.वि. खोरबारे भवन निर्माण
६) स्वास्थ्य भवन निर्माण वडा नं. ४
७) जामुनेचौर नविन भवानी दुवारा हुदै पातिहाल्न जाने सडक स्तर उन्नती
८) टाट्के डैराटाकुरी लिङगुहाले हुदै पोखरीबजार जाने सडक निर्माण तथा स्तर उन्नती
९) कालाखेत वडा कार्यालय हुदै मदन भण्डारी राजमार्ग जोडिने सडक स्तर उन्नती
१०) हारिचार खानेपानी योजना
११) खौला बजार देखी दोभान बजार सम्म सडक स्तरउन्नती
१२) अग्ला टाकुरा खानेपानि आयोजना क्रमागत ( बानपा २ र बानपा ३)
१३) बानपा ९ चार गाउँ खानेपानी आयोजना
१४) रारेचौर सेताढाँर दार्मा गाउँपालिका जोड्ने बाटो स्तर उन्नती

**निर्णय नं. २**ः बागचौर नगरपालिकाको नवनिर्मित प्रशासनिक भवनमा विद्युत जडान नभएकोले उक्त भवनमा थ्रि फेज लाइन विस्तारको लागि नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सल्यानलाई अनुरोध गर्ने र सो कार्यका लागि आवश्यक पर्ने बजेट आ.व. २०७९।०८० को रातो किताबको सि.नं. ९९ खर्च शिर्षक नं ३११५३ विद्युत तर्फ शिर्षकबाट व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**ः स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन अन्तगत समग्र, प्रक्रियागत र परिणात्मक स्थितिमा क्रमश ५९.५२%, ४५.५९% र ७१.११% तथा कुल प्राप्ताङ्क ओसत ६०% र तपशिल बमोजिमको क्षेत्रगत प्राप्ताङ्क प्राप्त भएकोमा सो सम्बन्धको सम्पुर्ण नतिजा अनुमोदन गरी सार्वजनिकिकरण गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रारम्भिक नतिजा तयार हुँदै | पुनरावलोकनका लागि पेस | पुनरावलोकन सम्पन्न | अनुमोदनका लागि पेस | अन्तिम नतिजा सार्वजनिक | गुणस्तर परीक्षण

कृपया कार्यपालिकाबाट अनुमोदन भएको नतिजा सुनिश्चित गरि सार्वजनिक गर्नुहोला।

नतिजा सार्वजनिक गर्नुहोस्

## बागचौर नगरपालिका

0 100

### जम्मा प्राप्ताङ्क

६०%

औसत

समग्र स्थिति

६१.५२%

प्रक्रियागत स्थिति

४५.५९%

परिमाणात्मक स्थिति

### नक्सा



## स्व-मूल्याङ्कन विषयक्षेत्रहरु

| विषयक्षेत्र | |
|---|---|
| शासकीय प्रबन्ध | ८०.५६% |
| संगठन तथा प्रशासन | ७१.८८% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ६३.६४% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ७९.५५% |
| सेवा प्रवाह | ६८.७५% |
| न्यायिक कार्य सम्पादन | ७८.५७% |
| भौतिक पूर्वाधार | ४२.३१% |
| सामाजिक समावेशीकरण | ५२.५% |

जनकराज गौतम
नगर प्रमुख

**निर्णय नं. ४:** बागचौर नगरपालिकाको नवनिर्मित प्रशासनिक भवनमा कार्यालय सर्नका लागि कम्पाउण्ड वालको रङरोगन, पार्टिसन गरिएका कोठाहरुमा वाइरिङ, वाल फ्यान जडान, कार्यालय परिसर सरसफाई लगायतका फुटकर कार्यहरु सम्पन्न गर्न आ.व. २०७९।०८० को रातो किताबको सि.नं. १८ खर्च शिर्षक २२२३१ निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च शिर्षकबाट खर्च व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५:** वास प्लान सम्बन्धमा छलफल हुँदा यस बागचौर नगरपालिका र सु-स्वाको संयुक्त लागनीमा वास प्लान निर्माण हुने भएकोले मिति २०७९ पौष महिनाको २८ गते नगर प्रमुख श्री जनकराज गौतमको अध्यक्षतामा बसेको वैठकको सम्पुर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । उक्त वास प्लानको लागि यस पालिकाबाट आवश्यक पर्ने बजेट आ.व. २०७९।०८० को रातो किताबको सि.नं.६१, खर्च शिर्षक २२७११ म्याचिङ्ग फण्ड (कार्यपालिकाबाट आवश्यकता अनुसार तय हुने गरी) शिर्षकबाट रकम रु.५ लाख रुपैंया तपसिल बमोजिमको शिर्षकमा रकमान्तर गरि कार्यान्वयनग गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | बजेट | कै. |
|---|---|---|---|
| १ | वास प्लान निर्माण | ५ लाख | |

**निर्णय नं. ६:** बागचौर नगरपालिका र मेडिक मोबाइलको सहकार्यमा बागचौर नगरपालिकामा मातृ तथा नवशिशु स्वास्थ्य सुधारका लागि मोबाइल स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने बजेट रु ३ लाख आ.व. २०७९।०८० को रातो किताबको सि.नं.६१, खर्च शिर्षक २२७११ म्याचिङ्ग फण्ड (कार्यपालिकाबाट आवश्यकता अनुसार तय हुने गरी) शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** बागचौर नगरपालिका वडा नं. १ का घन बहादुर बस्नेतको घरमा चट्याङ परि क्षति पर्‍याएकोले वडा कार्यालयको सिफारिसमा निजलाई रु २५ हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८:** प्राथमिक स्वास्थ्य केन्द्र थारमारेमा स्वास्थ्य प्रयोगशालालाई व्यवस्थित गरी नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि केवल प्रसाद शर्मा ल्याब असिस्टेन्ट पदमा सेवा करारमा कार्यरत रहेकोमा उक्त संस्थामा आर्थिक अभावका कारण निजको पारिश्रमिक लामो समयदेखी भुक्तानी हुन नसकेकोले निजको आ.व. २०७९।०८० को पारिश्रमिक भुक्तानी गर्न स्वास्थ्य व्यवस्थापन समितिलाई रु.२लाख अनुदान प्रदान गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

**निर्णय नं. ६:** बागचौर नगरपालिका वडा नं. २ जनकल्याण नमुना मा.वि. थारमारेको मिति २०७९ पौष १९ गतेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्री भीम प्रकाश भण्डारीको अध्यक्षमा बसेको वैठकको निर्णय सहित निवदेन पेश भइ आएकोमा उक्त विद्यालयको शैक्षिक अवस्थालाई गुणस्तर कायम गर्न उपयुक्त देखिएको हुँदा उक्त निर्णय अनुसार नि.मा.वि. तहको रिक्त गणीत विज्ञान विषयलाई गणित विषयमा रुपान्तर गर्ने निर्णय गरियो ।